महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १८ अङ्क : १७ महिना : कार्तिक-पुष, २०७५

## हिंसामा महिला र बालबालिका कार्तिक देखि पुससम्म

घर परिवार, छिमेकी तथा समाजकै मानवाट महिला तथा बालबालिकाहरु असुरक्षित रहेका छन् । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेको छैन । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेको छैन ।

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन प्रतिदिन हत्या, घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, बोक्सी आरोप, दाइजो, घरनिकाला, बालविवाह जस्ता अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ ।

यसै सन्दर्भमा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हरेक महिना महिला तथा बालबातिकामाथि भएका हिंसाका अखबारमा आएका घटनालाई अभिलेखनगरी बुलेटिनको रुपमा तयारपारी सार्वजनिक गर्दै आइरहेको छ । यो पटक इह्रिकनले तीन महिलानाको अवधिमा महिला र बालबालिकामाथि भएका हिंसाका घटनाहरुको अनुगमन गरेको छ ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरु गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, अन्नपूर्ण दैनिक र नयाँ पत्रिका दैनिकमा प्रकाशित हिंसामा महिला र बालबालिकासँग सम्बन्धीत समाचारको अनुगमन गर्दा २०७५ को कार्तिक, मंसिर र पुष महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका समाचारहरु २४ वटा प्रकाशित भएका छन् ।

प्रकाशित समाचारका अनुसार ३० जना प्रभावित भएको पाइएको छ । त्यसमध्ये हिंसामा परेका महिलाको संख्या ९ वटा रहेको छन् भने बालबालिकाको संख्या २१ रहेको छ । प्रकाशित समाचारमा अनुसार ४ महिलाको हत्या भएको छ, भने २ बालबालिकाको हत्या भएको छ । प्रकाशित समाचार अनुसार बालविाह, आमाले आत्महत्या गरेपछि बाबुले वेवास्ता गरेका कारण बालबालिका बिचल्लिमा

परेका, बलात्कार, सामुहिक बलात्कार बोक्सी आरोमा कुटपीट, सामूहिक बलात्कार, यातना जस्ता हिंसाजन्य घटनाहरु पनि प्रकाशित भएका छन् ।

## हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नयाँपत्रिका र अन्नपूर्ण पोष्टका अनुसार तीन महिनाको अबधिमा ९ वटा महिला हिंसासँग सम्बन्धीत घटना घटेको पाइएको छ । त्यसमध्ये ४ महिलाको हत्या भएको छ। २ जना महिला कुटपिटबाट घाइते भएका छन् । त्यसैगरी बेपत्ता, बोक्सी र बलात्कारबाट १-१ जना महिला हिंसाको शिकार भएका छन् ।




## हिंसामा बालबालिका :

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना २१ वटा पहिचान गरेका छन् । प्रकाशित समाचार अनुसार २ बालबालिको हत्या भएको पाइएको छ । १० बालिका बलात्कारको शिकार बनेकी छन् । त्यसमध्ये ३ बालिकाको सामूहिक बलात्कार भएको पाइएको छ । ३ बालिका बेपत्ता भएका छन् । आमाले आत्महत्या गरेका कारण बाबुले वेवास्ता गरेका कारण २ बालबालिका अलपत्र परेका छन् । दलित भएकै कारण भन्छा छोएको आरोपमा १ बालकलाई कुटपिट गरेको समाचार पनि प्रकाशित भएको छ । त्यसैगरी १ बालिकाको बालविवाह भएको समाचार प्रकाशित भएको छ ।




## क्षेत्रगत आधारमा :

तीन महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा प्रदेश नं. (१) ५, प्रदेश नं. (२) ६, प्रदेश नं. (३) ९, प्रदेश नं. (५) १ र प्रदेश नं. (६) ३ गरी जम्मा २४ वटा समाचार प्रकाशित भएका छन् ।



# संघीयता, स्थानीय सरकार र प्रशासन सम्बन्धी सञ्चारकर्मीहरुसँगको अन्तरक्रिया

**खडकबहादुर अस्लामी**

काठमाडौं २४ पुस । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले आयोजना गरेको संघीयता, स्थानीय सरकार र प्रशासन सम्बन्धी सञ्चारकर्मीहरुसँगको अन्तरक्रिया कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबू पण्डितले खटाएको ठाउँमा नजाने कर्मचारीलाई सरकारले बर्खास्त गर्ने प्रक्रिया अगाडी बढाउने र संगसंगै छोटो प्रक्रियाबाट लोकसेवा आयोगले नयाँ पदपूर्ति गर्नेगरी सरकारले काम गरिरहेको बताए ।




मन्त्री पण्डितले हालसम्म ३० हजार कर्मचारीले समायोजनका लागि निवेदन दिइसकेको र थप २४ हजार निवेदन दिने प्रक्रियामा रहेको जानकारी गराए । निवेदन नहाल्ने कर्मचारीको विगतमा भर्ना हुँदा पेश गरेको नागरिताको ठेगानाका आधारमा सरकारले समायोजन गरिछाड्ने गरि छाड्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपालका कार्यकारी निर्देशक कपिल काफ्लेले र नेपाल पत्रकार महासंघका उपाध्यक्ष बिपुल पोखरेलले नयाँ अभ्यासका रुपमा संघीयतालाई सफल बनाउन सकारात्मक भावनाकासाथ सबै मिलेर काम गर्नुपर्ने विचार व्यक्त गरे ।


थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१- ५५४४२०५, ५२६१९०४ मा सम्पर्क गर्न अनुरोध छ ।